REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 23.11.2024

## All India Cooperative Week Celebration

सिक्किम राज्य सहकारी संघद्वारा सहकारी विभागका सहयोगमा आज असमलिङजेमा आयोजित विकसित भारत निर्माणमा सहकारीको भूमिका' विषय अन्तर्गत ७१औँ अखिल भारतीय सहकारी सप्ताह समारोहको समापन समारोह सम्पन्न भयो। मानिसहरूमा सहकारी चेतना जगाउन र सहकारी आन्दोलनमा जोड्न राष्ट्रिय स्तरमा सहकारी सप्ताह मनाइन्छ। कार्यक्रममा राज्यपाल श्री ओमप्रकाश माथुर र मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको सन्देश क्रमशः सहकारिता विभागका प्रधान रजिष्ट्रार र सहकारिता विभागकी रजिष्ट्रारले पढेर सुनाउनुभयो। ग्रामीण विकास विभाग तथा सहकारिता विभाग मन्त्री अरूण उप्रेतीले तृणमूल तहबाट सहकारी चेतना अभिवृद्धि गरी समुदायको उत्थान गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो। सिक्किम राज्य सहकारी संघ, SICUN-का अध्यक्षले आर्थिक विकासका लागि यस क्षेत्रका महत्त्वमा जोड दिँदै, ग्रामीण-शहरी दूरीलाई कम गर्न र आय आर्जनका अवसरहरू सिर्जना गर्न संस्थाका विशेषता र परिवर्तनकारी सम्भावनालाई जोड दिनुभयो। उहाँले विभिन्न पहललाई एकीकृत गरी सहकारीका लागि सहयोगी इकोसिस्टम सिर्जना गर्न राज्य सरकारको निरन्तर प्रयास र सुधारबारे पनि प्रकाश पार्नुभयो। कार्यक्रममा SICUN-का लागि नयाँ आधिकारिक वेब पोर्टलको सुरुवात पनि गरियो।

## PMAY-G

पाकिम जिल्लाका सबै गाउँमा प्रधानमन्त्री आवास योजना-ग्रामीण अन्तर्गत  आवास सप्ताह पालन गरियो, यसको समापन समारोह रोडाथाङमा सम्पन्न भयो। सप्ताहव्यापी यो आवास सप्ताह प्रधान मन्त्री आवास योजना-ग्रामीण पहललाई प्रवर्धन गर्न परिकल्पना गरिएको हो। यसले ग्रामीण परिवारहरूलाई आवास प्रदान गर्ने लक्ष्य राखेको छ।

Mingma D

नाम्चीका डान्सिङ आइकन मिङ्मा डी लेप्चाले हिजो नयाँ दिल्लीमा उस्ताद बिस्मिल्ला खान युवा पुरस्कार प्राप्त गरे। यो पुरस्कार संगीत नाटक अकादमीले विभिन्न कला विधा र कलात्मक पृष्ठभूमिका देशका प्रतिभाशाली युवा कलाकारहरूलाई प्रदान गर्दछ। श्री लेप्चा गंग्याप नाम्चीका एक युवा नर्तक र कोरियोग्राफर हुन्। उनले यो उस्ताद बिस्मिल्ला खान युवा पुरस्कारअघि पनि धेरै उपलब्धि हासिल गरिसकेका छन्। उस्ताद बिस्मिल्ला खान युवा पुरस्कार २०२२-२३ का लागि संस्कृति तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतका हातबाट प्रदान गरियो। उस्ताद बिस्मिल्लाह खान युवा पुरस्कार प्राप्त गर्नेहरूले नोभेम्बर २२ देखि २७ तारिखसम्म नयाँ दिल्लीमा हुने संगीत, नृत्य र नाटकका पर्वमा आ-आफ्नो प्रस्तुति दिनेछन् र श्री लेप्चाले नोभेम्बर 25, 2024 मा आफ्नो प्रस्तुति दिनेछन्। गान्तोकका डा. मनोज राई अर्का पुरस्कार विजेता हुन्।

NFR

पूर्वोत्तर सीमान्त रेलवेले जाडो र धुम्म मौसममा सुरक्षित र प्रभावकारी रेल सञ्चालन सुनिश्चित गर्न सक्रिय कदम चालिरहेको एक प्रेस विज्ञप्तिमा जनाइएको छ। दृश्यता, ट्र्याक सुरक्षा, OHE अनि TRS जस्ता महत्त्वपूर्ण मापदण्डहरू समेटेर जाडो महिनाहरूमा सामना गर्ने चुनौतीहरू समाधान गर्न उपायहरू लागू गरिएको छ। कम तापक्रमका समयमा रेल र वेल्ड विफलतालाई रोक्न आवश्यक परीक्षण गरिनेछ। जाडो मौसममा गस्तीलाई GPS-सक्षम अनुगमनका साथ दिशानिर्देशअनुसार सशक्त बनाइनुका साथै रेलका अवस्थाहरूको सटीक निरीक्षण सुनिश्चित गरिँदै छ। यस्तो जाडो मौसममा नयाँ चुनौतिहरूलाई हल गर्न रेलको तापक्रम राम्ररी अनुगमन र रेकर्ड गरिएको छ। कुहिरोको समस्या हटाउन पूर्वोत्तर सीमान्त रेलवेले रियल-टाइम नेभिगेसनका साथ ट्रेन चालकहरूलाई सहयोग गर्न, कम

दृश्यताको बाबजुद सुरक्षित र समयमै सञ्चालनहरू सक्षम बनाउन उन्नत PASS अर्थात् सुरक्षाका लागि कुहिरो पायलट सहायता प्रणाली उपकरणहरू पनि तयार पारिएको छ।

## Amar Subba

"म्याराथन म्यान" अमर सुब्बाका नेतृत्वमा सिक्किमका धावकहरूको आठ सदस्यीय टोली आज आयोजना हुने ब्रुट ४.० ट्रेल रनमा भाग लिन हिजो नै अरुणाचल प्रदेशका बसरमा पुगेको छ। टोलीका अमर सुब्बा ६० किमी, शान्ति राई ६० किमी, निर्मल सिंगर ३० किमी, अनुदा तामाङ ३० किमी, बीरबहादुर राई ३० किमी, शिव हाङ लिम्बू ३० किमी र रञ्जना तामाङ र उनिषा तामाङ १० किमी दौडमा प्रतिस्पर्धा गर्नेछन्।

## Gold Cup

चालिसौँ अखिल भारतीय गभर्नर गोल्ड कम भोली समापन हुँदै छ। गान्तोकको पाल्जर स्टेडियममा हुने भोलीको फाइनल खेलममा गान्तोक हिमालयन स्पोर्टिङ क्लब र नर्थ-ईस्ट युनाइटेड एफ.सी भिड्नेछन्।